नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

# प्रोग्रेशिभ फाइनान्स लिमिटेडको
## चौबिसौं बार्षिक साधारण सभाको
## निर्णय अभिलेख (माइन्यूट)

**१. सभाको बैधानिकता :**

प्रोग्रेशिभ फाइनान्स लिमिटेडको चौबिसौं बार्षिक साधारण सभा यस कम्पनीको संचालक समितिको मिति २०७७/०९/०७ गते बसेको संचालक समितिको ४५३औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री किशोर कुमार महर्जनज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु भयो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति: २०७७ पौष २९ गते बुधवार तदनुसार जनवरी १३, २०२१
समय: दिनको १:०० बजे
स्थान: ज्यापू पञ्चाभवन, भोलगणेश, ललितपुर

**३. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार चौबिसौं बार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण निम्नानुसार खुलाई सभामा उपस्थितिका लागी शेयरधनीहरुलाई मिति २०७७।०९।०८ को राजधानी दैनिक र मिति २०७७।०९।१६ गतेको आर्थिक अभियान दैनिकमा सूचना प्रकाशित गरिएको थियो । साथै साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुलाई बितरणको प्रबन्ध मिलाईएको थियो ।

**४. छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :-**

१. संचालक समितिको तर्फबाट प्रस्तुत बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण(वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण आदि सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७७/०७८ को लागि वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हालका लेखापरीक्षक श्री एस्.एम.सी. एशोशिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सको तीन वर्षे कार्यकाल सकिएकोले आ.व.२०७७/७८ को लागि निजले लेखापरीक्षण गर्न कानूनत नमिल्ने व्यहोरा अनुरोध छ ।)
४. विविध ।

**(ख) विशेष प्रस्तावहरु :-**

१. प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

Progressive Finance Ltd. 2051

२. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने, मान्यता प्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाभ्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।
*(विगत साधारण सभाको निरन्तरताका लागि)*

३. साधारण सभाको समय सम्ममा कुनै बैंक तथा वित्तीय संस्थालाई/सँग एकीकरण/एक्विजिसन गर्ने/जाने सम्झौता भएमा सञ्चालक समितिबाट भएको गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) अनुमोदन गर्ने ।

**५. उपस्थिति :**

(१) सञ्चालक समितिका सदस्यहरु जम्मा ६ जना ।

(२) शेयरधनी महानुभावहरुको स्वयं उपस्थिति जम्मा ११५ जना
(साधारण शेयरधनी: १०९ तथा संस्थापक शेयरधनी: ६)

(३) प्रोक्सी मार्फत उपस्थिति २५ जना गरी जम्मा उपस्थिति संख्या १४० जना ।

**५.१** कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित संचालकहरु :

१. श्री किशोर कुमार महर्जन - अध्यक्ष
२. श्री शम्भुलाल डंगोल - संचालक
३. श्री समुन्द्र काजी श्रेष्ठ - संचालक
४. श्री सविना महर्जन - संचालक
५. श्री अनिश महर्जन - संचालक
६. श्री विप्लब सिंह - स्वतन्त्र संचालक

**५.२. अन्य पदाधिकारीहरुको उपस्थिति :**

१. श्री विशाल हुमागाँई - प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
२. श्री महेश्वर पहारी - नायब प्रमुख कार्यकारी अधिकृत
३. श्री प्रमोद भट्टराई - मुख्य प्रबन्धक
४. श्री शालिकराम चापागाँई - कार्यकारी प्रबन्धक
५. श्री रबिन महर्जन - अधिकृत
६. श्री रजनी शाक्य - अधिकृत
७. श्री जयराम कर्माचार्य - अधिकृत

**५.३ नियमनकारी निकायबाट भएको उपस्थिति: नभएको**

Progressive Finance Ltd. 2051

**उपस्थिति विवरण**

| विवरण | उपस्थिति | शेयर संख्याको प्रतिनिधित्व गर्ने प्रतिशत |
|---|---|---|
| शेयरधनीहरु | ११५ जना (६ जना संचालक समेत) स्वयं | |
| | प्रोक्सी २५ जनाको | ५२.७७ प्रतिशत |
| शेयर संख्या | प्रतिनिधित्व भएको जम्मा शेयर संख्या: ४२,२२,३६३ | |

६. **गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या) :

यस कम्पनीको चैविसौं बार्षिक साधारण सभामा यस कम्पनीको बार्षिक साधारण सभा गर्नको लागि आवश्यक गणपूरक संख्या यस कम्पनीको बाँडफाँड भएको शेयर कित्ताको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति हुनु पर्ने प्रावधान यसै कम्पनीको नियमावलीको दफा २३ मा भएको व्यवस्था अनुसार कुल बाँडफाँड भएको शेयर कित्ता ८० लाख १ हजारमा ४२ लाख २२ हजार ३ सय ६३ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी जम्मा ११५ जना शेयरधनीहरुको स्वयं र २५ जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) को माध्यमबाट उपस्थिति रहेको हुँदा सभा संचालनको लागि आवश्यक शेयर कित्ताको प्रतिनिधित्व र शेयरधनीहरुको संख्या उपस्थिति भएको थियो ।

७. **सभा संचालनको लागि बैधानिकताको एकिन :**

७.१. कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३(२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको चौबिसौं बार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या ११५ रहेको र निजहरुले प्रतिनिधित्व गरेको कुल शेयर संख्याको ५२.७७ प्रतिशत भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुरा भएको र प्रचलित कानून अनुसार सभा संचालन गर्न बैधानिक भएको जानकारी सभालाई गराई सभाका सभापतिको अनुमतिले चौबिसौं बार्षिक साधारण सभाको कामकारवाही सञ्चालन गराउनुभयो ।

७.२. यस कम्पनीको नियमावली को नियम १९ (१) मा भएको व्यवस्था बमोजिम दिनको १:०० बजे अध्यक्ष श्री किशोर कुमार महर्जनज्यूको अध्यक्षतामा वित्तीय संस्थाको चौबिसौं बार्षिक साधारण सभा शुरु भयो ।

८. **बार्षिक साधारण सभाको प्रस्तुति :**

१. सभाका अध्यक्षज्यूबाट पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाट्न पश्चात वहाँकै अनुमतिले सभाको काम कारवाही शुरु गरियो ।

२. अध्यक्षज्यूले आफ्नो मन्तव्य दिनुहुँदै संचालक समितिका तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्नुभयो ।

३. त्यस पछि अध्यक्षज्यूले आ.व. २०७६/७७ को वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाव ( अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनूसूचीहरु समेत छलफलका लागी सभा समक्ष पेश गर्नुभयो ।

Progressive Finance Ltd. 2051

## ९. छलफलका लागि आह्वान :

९.१. वित्तीय संस्थाको आ.व. २०७६/७७ को प्रतिवेदन, वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाव (अन्य विस्तृत आम्दानीको विवरण सहित) तथा नगद प्रवाह विवरण उपर मन्तव्य प्रकट गर्न, सो सम्वन्धमा कुनै जिज्ञासा वा सुझाव भए जानकारी गराउन तथा छलफलका बिषयसूची अनुसार छलफल गरी निर्णय गर्न अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु ब्यक्त गर्नु भएको थियो ।

९.२. **छलफलमा सहभागी भई जिज्ञासा एवं सुझाव सहितको मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरु :**

१. श्री अमृतनाथ रेग्मी
२. श्री उद्धव प्रसाद घिमिरे
३. श्री ब्रह्मदेव शाक्य
४. श्री राम गोपाल महर्जन
५. श्री भोजराज पौडेल
६. श्री डमरुबल्लभ घिमिरे
७. श्री शिव प्रसाद पौडेल
८. श्री विश्वनाथ ताम्राकार

## १०. छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतीकरण :

| | | |
|---|---|---|
| श्री अमृतनाथ रेग्मी | : | अध्यक्षज्यूको सफल नेतृत्वका कारण प्रोग्रेशिभ फाइनान्सको प्रगति सकारात्मक रहेको छ । यो प्रगतिलाई निरन्तरता दिन आग्रह गर्दछु । आफ्नो नाम र अस्तित्व नमेटिने गरी अन्य राम्रा संस्थाहरुलाई अक्वायर गर्न सुझाव दिन्छु । |
| श्री उद्धव प्रसाद घिमिरे | : | शेयरधनीहरुले प्रतिफल पाउने अवस्था हुनुपर्छ । आगामी २५औं साधारण सभालाई विशेष रुपमा आयोजना गर्ने र शेयरधनीहरुलाई कुनै न कुनै रुपमा प्रतिफल दिनुपर्नेछ । व्यवसाय विस्तारका साथै राम्रो कर्जालाई प्राथमिकता दिनुपर्ने । वित्तीय विवरणलाई विश्लेषण गर्ने हो भने संस्था धेरै सबल हुँदै गएको देखिन्छ । कर्मचारीहरुलाई उत्प्रेरणा दिई काममा लगाउनुपर्छ। |
| श्री ब्रह्मदेव शाक्य | : | वित्तीय संस्थाको वित्तीय स्वास्थ्य सुधारोन्मुख हुँदैगएको छ । संस्थामा संस्थागत सुशासन राम्रो रहनु सुखद पक्ष हो । प्रतिवेदनमा अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतका मन्तव्यहरु उत्साहजनक देखिँदैन । व्यवसाय विस्तार भई लगानीकर्ताहरुलाई चाँडो प्रतिफल दिनसक्ने अवस्था आएको छ । वित्तीय परिसूचकहरु हेर्दा पनि उच्च सुधार देखिन्छ । सामाजिक उत्तरदायित्व अन्तर्गत संस्थाबाट भएका कार्यहरुको सराहना गर्दछु । साथै यस अन्तर्गत काठमाडौंका पर्यावरणीय सुधारका क्षेत्रमा पनि केही क्रियाकलापहरु सञ्चालन गर्न सुझाव दिन चाहन्छु । |
| श्री रामगोपाल महर्जन | : | सिकिस्त बिरामी भई शैय्यामा सुतेको संस्थालाई स्वस्थ बनाई नाफातर्फ उन्मुख गराउनुभएकोमा संचालक समति तथा व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु । आगामी वर्ष व्यवसाय अझ विस्तार भई प्रतिफल दिनसक्ने अवस्थामा रहने विश्वास गर्दछु । |
| श्री भोजराज | : | गतवर्ष अध्यक्षज्यूले गर्नुभएको प्रतिबद्धता अनुरुप प्रतिफल प्राप्त नभएकोमा दुख प्रकट गर्दछु । |

Progressive Finance Ltd.

| | | |
|---|---|---|
| पौडेल | | यसको मुख्य कारण महामारीको अवस्था पनि हुनसक्छ । तर आगामी वर्ष भने संस्थाले नाम अनुसारको प्रगति गरी लगानीको प्रतिफल सुनिश्चित गर्नुपर्छ । |
| श्री डमरु बल्लभ घिमिरे | : | वित्तीय विवरण अत्यन्त आशालाग्दो देखिन्छ । आगामी वर्ष केही न केही प्रतिफल प्राप्त हुनेमा आशावादी छु । आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्रै साधारण सभा गर्न सके धेरै राम्रो हुन्थ्यो । सो नभएमा पौषको पहिलो वा दोश्रो साताभित्र साधारण सभा सम्पन्न गर्ने योजना बनाउन सुझाव दिन्छु । |
| श्री शिव प्र. पौडेल | : | प्रोग्रेशिभ फाइनान्सले प्रगतिको उँचाई छुने लक्षण देखिन्छ । आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र साधारण सभा सम्पन्न गर्न आग्रह गर्दछु । बजारमा प्रतिस्पर्धा गर्ने हो भने प्रविधिको उच्चतम प्रयोग गर्नु आवश्यक देखिन्छ । साथै अब संस्थाको व्यवस्थापनले कर्मचारीहरुको वृत्ति विकास तथा क्षमता अभिवृद्धिलाई विशेष ध्यान दिई गुणात्मक वृद्धिलाई विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ । |
| श्री विश्वनाथ ताम्राकार | : | संस्थाको व्यवसाय वृद्धि भएको छ कि छैन, व्यवसाय विस्तारसँगै प्रतिफल दिनसक्ने अवस्थामा छ कि छैन भन्ने कुरा महत्वपूर्ण हुन्छ । लगानीको प्रतिफल दिनेतर्फ ध्यान दिनुहुनेछ । साधारण सभाको सफलताको कामना गर्दछु । |

**११. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको अध्यक्षज्यूबाट जवाफ :**

बार्षिक प्रतिवेदन उपर वक्ता शेयरधनीहरुले औंल्याउनुभएको कैफियत तथा अमुल्य सुझावहरु प्रति धन्यवाद दिंदै उक्त कमी कमजोरीहरुलाई आगामी दिनमा सुधार गर्दै लैजाने प्रतिवद्धता व्यक्त गर्दछौं । हाल प्रोग्रेशिभ फाइनान्स राम्रो लयमा संचालन भइरहेको छ । छोटो समयमा शाखाहरु विस्तार गरी संचालनमा ल्याएका छौं । प्रत्येक प्रदेशमा कम्तीमा ३ वटा शाखाहरु रहनेगरी शाखा सञ्चालन गर्ने योजना अनुरुप नै शाखा विस्तार गर्ने लक्ष्य रहेको छ । हामीसँग वृद्धिका लागि राम्रो अवसर भएपनि कर्जा लगानी गर्न धेरै चुनौतिहरु रहेका छन् । साधारण सभा सकेसम्म आश्विन मसान्तभित्रै सम्पन्न गर्न प्रयासरत रहनेछौं । मर्जर र एक्विजिशनका विषयमा नेपाल राष्ट्र बैंकले बाध्यकारी व्यवस्था नगरेको अवस्थामा संस्थाले आफ्नो अस्तित्व बचाइराख्ने र क्षमता विकास गरी क्रमश: "ख" तथा "क" वर्गको बैंकमा स्तरोन्नतिका निमित्त हाम्रो अथक प्रयास रहनेछ । लगानीकर्ताहरुलाई शिघ्र प्रतिफल प्रदान गर्नका निम्ति संस्थाले विभिन्न संचालन खर्चहरुलाई न्यूनिकरण गरिरहेको छ । संस्थाले आगामी दिनमा स्थापना गर्ने शाखा कार्यालयहरु पनि सकेसम्म कम खर्चमा स्थापना गरिनेछ । गत आर्थिक वर्षमा लगानीकर्ताहरुलाई प्रतिफल दिन नसकेपनि चालू आर्थिक वर्षको अन्त्यमा भने केही न केही प्रतिफल प्रदान गर्नसक्ने विश्वास दिलाउन चाहन्छु ।

**१२. बार्षिक साधारण सभाको निर्णय :**

**(क) सामान्य प्रस्तावहरु :**

| | | |
|---|---|---|
| **प्रस्ताव नं. १** | : | **संचालक समितिको तर्फबाट प्रस्तुत बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।** |
| **निर्णय नं. १** | : | संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७६/०७७ को संचालक समितिको प्रतिवेदन उपर छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नुभएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो । |
| **प्रस्ताव नं. २** | : | **लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण(वासलात),** |

Progressive Finance Ltd. 2051

**नाफा/नोक्सान विवरण (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण आदि सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २ :** लेखापरीक्षकको आ.व.२०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन सहित २०७७ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण आदि सहितको वित्तीय विवरण माथि छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतीबाट स्वीकृत गरी पारीत गरियो ।

**प्रस्ताव नं. ३ : कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७७/०७८ को लागि वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ३ :** कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७७/७८ का लागी लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले यस साधारण सभा समक्ष निर्णयार्थ प्रस्ताव पेश गर्नुभएकोमा संस्थाको लेखापरीक्षण समितिको मिति २०७७/०९/०८ गते बसेको बैठकले गरेको सिफारिस बमोजिम एस पाण्डे एण्ड एशोशिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको लेखापरीक्षण तथा कर परीक्षण बापत पारिश्रमिक कर बाहेक रु. १,७५,०००।- (रुपैयाँ एक लाख पचहत्तर हजार मात्र) निर्धारण गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : विविध**

**निर्णय नं. ४ :** यस शिर्षक अन्तर्गत छलफल गरी निर्णय गर्नुपर्ने कुनै थप प्रस्तावहरु नभएको हुँदा यस विविध शिर्षक माथि छलफल नभएको ।

**ख) विशेष प्रस्तावहरु:**

**प्रस्ताव नं. १ : वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संसोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव परित गर्ने तथा प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १ :** वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संसोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव परित गर्ने तथा प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**प्रस्ताव नं. २ : यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा बित्तीय संस्थाको चलअचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने, मान्यताप्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सो मा हस्ताक्षर गर्ने लगायत गाम्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।**

**निर्णय नं. २ :** यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने,

Progressive Finance Ltd. 2051

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था
**Progressive Finance Limited**
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

"बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा बित्तीय संस्थाको चलअचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने, मान्यताप्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समभ्रदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाम्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : साधारण सभाको समय सम्ममा कुनै बैंक तथा वित्तीय संस्थालाई/सँग एकिकरण/एक्विजिसन गर्ने/जाने सम्झौता भएमा सञ्चालक समितिबाट भएको गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समभ्रदारी पत्र (Memorandum of Understanding) अनुमोदन गर्ने ।**

**निर्णय नं. ३ :** साधारण सभाको समय सम्ममा कुनै बैंक तथा वित्तीय संस्थालाई/सँग एकिकरण/एक्विजिसन गर्ने/जाने सम्झौता भएमा सञ्चालक समितिबाट भएको गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समभ्रदारी पत्र (Memorandum of Understanding) अनुमोदन गर्ने सम्बन्धमा छलफल गर्दा यस साधारण सभाको समय सम्ममा संचालक समितिबाट त्यस किसिमको सम्झौता कुनै पनि बैंक तथा वित्तीय संस्था संग नभएको व्यहोरा सभा समक्ष जानकारी प्राप्त भयो ।

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

यस चौबिसौं वार्षिक साधारण सभाको सूचनामा तोकिए बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णयको क्रम समाप्त भएको हुँदा अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट प्राप्त मार्गदर्शन महत्वपूर्ण रहेको धारणा व्यक्त गर्दै आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, लेखापरीक्षक, वित्तीय संस्था संचालनको क्रममा सहयोग गर्ने सम्पूर्ण नियमनकारी निकायहरु, पत्रकार, व्यवस्थापन लगायत उपस्थित सबैमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन सहित सभा विसर्जन गर्नुभयो ।

.....................
**विशाल हुमागाँई**
**कम्पनी सचिव**

.....................
**किशोर कुमार महर्जन**
**अध्यक्ष**

**संस्थाको छाप :** Progressive Finance Ltd. 2051

**मिति : २०७७ पौष २९ गते बुधबार**